कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
# भूमिसुधार तथा व्यवस्थापन विभाग
आर्थिक प्रशासन शाखा
बबरमहल, काठमाडौं ।

फ्याक्स नं ४२३०५८५
महानिर्देशक ४२२३०४९
निर्देशक प्रशासन ४२२५९८२
निर्देशक योजना ४२२६९८८
क.प्र.शाखा ४२६६४९३
आ.प्र.शाखा ४२६६४९३
सा.प्र.शाखा ४२२६३२८
कानून Ext = ४२२००२८

प.स. ०७४।०७५ आ.प्र.
च.नं. : २१२८

मिति :- २०७५।०१।१४

विषयः- निर्णय कार्यान्वयन गर्ने सम्वन्धमा ।

श्री मालपोत कार्यालय,
सबै ।

उपरोक्त विषयमा कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय आर्थिक प्रशासन शाखाको प.स.०७४।०७५(१/३) लेखा च.नं. २१७९ मिति ०७५।१।११ को अत्यन्त जरुरी पत्र साथ प्राप्त आ.व. ०७३।०७४ को म.ले.प वेरुजू सम्वन्धी वेरुजूको पत्र प्रास भएको छ । उक्त पत्रसाथ प्राप्त विवरण अनुसार मिति ०७४।१।२० भित्र देहाय वमोजिम गर्ने भनी सि.नं.१ देखि ५ सम्मको त्यस कार्यालयसँग सम्बन्धित बेरुजूहरु म.ले.प.को कार्यालयबाट सम्परीक्षण गराउन माग भएको कागजात तथा बेरुजू फछ्र्यौट भैसकेको भए सो को विवरण समेत शिघ्र कारवाही गरी वेरुजू फछ्र्यौट गराउन हुन उक्त पत्रको फोटोकपी समेत यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

.............................
(हिरण्य प्रसाद पराजुली)
प्रमुख लेखा नियन्त्रक

बोधार्थः
श्री कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
(आर्थिक प्रशासन शाखा )
सिंहदरवार, काठमाण्डौं ।

श्री भू-सूचना शाखा (I.T Section):- वेभ साइटमा प्रकाशित गरिदिने बारे।

निम्न

आ.व. ०७३।७४ को म.ले.प. वेरुजु सम्वन्धमा भूमिसुधार तथा व्यवस्थापन विभागले मिति २०७४।०१।२० गतेभित्र देहाय अनुसार गर्ने

१. १ करोडभन्दा वढी रकमको खरिद तथा विक्रीकर्ताले स्वामित्व हस्तान्तरण भएको अवस्थामा प्यान र भ्याट लिएको प्रमाण चाहिने भन्ने विभिन्न मालपोत कार्यालयहरुको वेरुजूका सम्वन्धमा त्यस्तो प्यान र भ्याटको प्रमाण संलग्न गरी वेरुजु फछ्र्यौट गर्ने गराउने र यस सम्वन्धमा गरेको कारवाहीको विवरण पेश गर्ने ।

२. रु. ३० लाखभन्दा कमको कारोवार नभएको भन्ने प्रमाण नभएकोले सो यकिन गरी पूँजीगत लाभकर असूल गर्ने भन्ने वेरुजुको सम्वन्धमा सो प्रमाण सङ्कलन गरी सं.प.को लागि म.ले.प.मा पेश गर्ने वा वेरुजुमा तोकिएको रकम असुल गरी कारवाहीको जानकारी यस मन्त्रालयमा पेश गर्ने ।

३. भवन निर्माण गर्दा भएको खर्च कट्टी गरी छुट दिएको पूँजीगत लाभकर, रियल स्टेटको निसर्ग गर्दा जग्गा तथा भवनको विक्रीवाट प्राप्त खुद लाभ यकिन नभएकोले आय विवरण वुझाएको प्रमाण नभएको, घरजग्गाको कारोवार गर्ने व्यवसायीहरुले प्लानिङ्ग पर्मिट लिएको प्रमाण पेश नभएको र कारोवारीको खुद लाभ यकिन नभएको भन्ने विभिन्न मालपोत कार्यालयहरुको वेरुजुको सम्वन्धमा भवन निर्माण गर्दाको वास्तविक खर्च देखिने प्रमाण, रियल स्टेटहरुवाट भएको कारोवारमा खुद लाभ देखिने प्रमाण सहित वेरुजु लगत कट्टाको लागि म.ले.प.मा पेश गर्ने । सो हुन नसकेमा वेरुजुमा उल्लेख भएको रकम सम्वन्धित सेवाग्राहीवाट असुल गरी भएको कारवाहीको व्यहोरा यस मन्त्रालयमा पेश गर्ने ।

४. रु. ३० लाखभन्दा वढीको कारोवारमा ५% दस्तुर लाग्नेमा २.५% दस्तुर लिई घटी दस्तुर लिएको, संस्था तथा कम्पनीले जग्गा निसर्ग गरेकोमा १०% अग्रिम कर नलिएको भन्ने वेरुजुका सम्वन्धमा स्पष्ट हुने गरी यस मन्त्रालयमा पेश गर्ने ।

५. घरजग्गाको कारोवार गर्ने विभिन्न हाउजिङ्ग कम्पनी, फर्म वा संस्था तथा व्यक्ति (सेवाग्राहीहरु) वाट घरजग्गा खरिद वा विक्री कारोवार गर्दा वुझाउन छुट भएको वा घटी दाखिला गरेको वा नपाउने सुविधा लिएको वा अन्य असुल गर्नुपर्ने कुनै रकम कलम भए निज सेवाग्राहीहरुको जग्गा रोक्का राखि असुल गर्ने र सो कारवाहीको जानकारी यस मन्त्रालयमा दिने ।